फो.नं. : ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

# कृषि विकास निर्देशनालय

विराटनगर, नेपाल

## चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०५/०७)

यस निर्देशनालयको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियामावली, २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेश नं. १ अन्तर्गतका ईच्छुक कृषक /कृषक समूह / सहकारी संस्था /व्यावसायिक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन। आवेदकहरुले विगत ३ वर्ष (०७६/७७-०७८/७९) को अवधिमा विभिन्न सरकारी निकाय /कार्यालयहरु र अन्य आयोजनाबाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको आवेदन दर्ता नहुने समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

आवेदन दर्ता तथा संलग्न गर्नुपर्ने कागजातहरुको लागि सम्पर्क गर्न सकिने कार्यालयहरु :

१. कृषि विकास निर्देशनालय, प्रदेश नं १, विराटनगर, मोरङ्ग।

२. कृषि ज्ञान केन्द्रहरुः झापा, सुनसरी, उदयपुर, इलाम।

कार्यक्रम विवरणः

| कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | आवेदन दस्तुर |
|---|---|---|---|---|
| चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम | ५ | ७५% वा बढीमा रु. ४० लाखसम्म | झापा, मोरङ्ग, सुनसरी, इलाम र उदयपुरका कृषक /कृषक समूह / सहकारी संस्था /व्यवसायिक/फर्म/कम्पनीहरु | व्यक्तिगत रु. १००, संस्थागत रु.२०० र ५० लाख भन्दा बढीको कूल लागत भएमा रु. ५०० |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

1. संस्था/समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपि
2. संस्था/समुह नवीकरणको प्रतिलिपि
3. संस्थाको **PAN** वा **VAT** प्रमाण पत्रको प्रतिलिपि
4. निवेदक संस्था/समुहमा आवद्ध कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
5. सहकारी संस्थाको हकमा अघिल्लो आ.व. को लेखापरीक्षणको प्रतिलिपि
6. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
7. चक्लावन्दी खेती गर्न सहमत कृषकहरुको जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपीसहित जग्गाको विवरण/ जग्गा भाडामा लिएको भए सो को प्रमाण/ सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस
8. कृषि ज्ञान केन्द्रको सिफारिश
9. स्थानीय तह कृषि शाखाको सिफारिश
10. चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम प्रस्तावको ढाँचामा प्रस्ताव
11. निवेदक संस्था/समुहमा आवद्ध किसानहरुबाट चक्लाबन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रक्रियाको बारेमा भएको समूहिक सहमति तथा निर्णय
12. चक्लाबन्दी खेती कार्यान्वयनलाई संस्थागत रुप दिन गठन भएको कार्यान्वयन समिति/उपसमिति विवरण

14. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यक्रमका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

15. निवेदन दस्तुर पेश गर्नका लागि व्यक्तिगत कृषकको हकमा रु.१०० र संस्थागत (कृषक समूह / सहकारी संस्था /व्यवसायीक/फर्म/कम्पनि/उद्यमि/व्यवसायिहरु) को हकमा रु २०० र ५० लाखभन्दा बढीको कूल लागत भएमा रु. ५०० कृषि विकास निर्देशनालय, कार्यालय कोडः ३१२०११३०११, राजस्व शीर्षकः १४२२९, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर ।